आज मिति २०८२ साल पौष महिनाको १७ गते बिहिवारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को छैठौं बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोत्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सावित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

<u>अन्य उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | फुर्वा लामा | सुचना प्रविधि अधिकृत | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

CamScanner

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. लायन्स क्लबबाट प्राप्त स्वास्थ्य उपकरण हस्तान्तरण सम्बन्धमा।

३. रकमान्तर सम्बन्धमा।

४. करार कर्मचारी सम्झौता नविकरण सम्बन्धमा। ।

५. आ.व. २०८३/०८४ को आय व्यय प्रक्षेपण सम्बन्धमा।

६. गाउँसभाको हिउँदे (१७ औं) अधिवेशन सम्बन्धमा ।

७. स्थानीय स्काउट परिषद गठन सम्बन्धमा

८. धानवालीको क्षति अनुदान व्यवस्थापन सम्बन्धमा ।

९. विविध ।

(क) बेरोजगारको सूची प्रकाशन सम्बन्धमा।

(ख) विभिन्न २ वटा विद्यालयलाई अध्यक्ष कोष प्राप्त गर्न अनुमति दिने सम्बन्धमा।

(ग) आर्थिक सहायता औषधी उपचार सम्बन्धमा

CamScanner

बैठक नं.०६ बैठक मिति २०८२/०९/१७

## छलफल तथा निर्णयहरु

---

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** गाउँपालिकाको कार्यालयबाट मिति २०८२/०८/०९ गतेका दिन बसेको कार्यपालिकाको पाँचौ बैठकले गरेको निर्णय सम्पूर्ण रूपमा कार्यान्वयन भएको , साथै अन्य नियमित काम कारवाही दैनिक रूपमा सेवा प्रवाह भई सुशासन कायम भएको व्यहोरा छलफल एवम् समिक्षा गरियो ।

**निर्णय नं.२ लायन्स क्लबबाट प्राप्त स्वास्थ्य उपकरण हस्तान्तरण सम्बन्धमाः-** Lions Club Internation को साझेदारीमा सहयोगमा गाउँपालिकाको रकम US $१६१९३ र Lions Clubs International Foundation (LCIF), Lions Clubs International Kathmandu Omkar, Lions Clubs of Kathmandu Midtown बाट बाँकी रकम खर्च गरि कूल नेपाली रकम १ करोड ७६ हजार वरावरको स्वास्थ्य उपकरण शिवपुरी आधारभूत अस्पताल सञ्चालन गर्नका लागि उपलब्ध गराई आज मिति मिति २०८२/०९/१७ गते तदनुसार 1st December 2026 का दिन गाउँपालिकाको आधारभूत अस्पतालमा Lions Club Internation का विशिष्ठ व्यक्तिहरूको समुपस्थितिमा एक समारोह विच गाउँपालिका अध्यक्ष श्री गोविन्द प्रसाद थपलिया ज्यूलाई हस्तान्तरण कार्य सम्पन्न भएकोमा उक्त सामाग्रीको उच्चतम प्रयोग गरि सेवा प्रवाह गर्ने प्रतिवद्धता गर्दै Lions Club Internation लाई हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गरियो।

**निर्णय नं. ३ रकमान्तर सम्बन्धमाः-** चालु आर्थिक वर्ष २०८२/०८३ का लागि गाउँपालिकाले विनियोजत गरेको योजना तथा कार्यक्रमको बजेट केही कारणले कार्यान्वयन गर्न नसकिने अवस्था आएमा समयमै वडा समितिबाट निर्णय गराई गाउँपालिकामा पेश गर्ने र उक्त रकमान्तरणको विवरण आगामी गाउँ सभाबाट पास गर्ने गरि गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.४ करार कर्मचारी सम्झौता नविकरण सम्बन्धमाः-** गाउँपालिका र अन्तर्गत वा वडा कार्यालय, स्वास्थ्य चौकी लगायत वा अन्य विभिन्न कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीको म्याद २०८२ साल माघ १ गते देखि २०८३ साल असार मसान्त सम्मको लागि म्याद थपि सेवालाई निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ५ आय व्यय प्रक्षेपण सम्बन्धमाः-** आ.व. २०८३/०८४ को आय व्यय प्रक्षेपण तयार गरि वित्तीय आयोगमा निर्णय गर्ने ।

**निर्णय नं. ६ हिउँदे सभा सम्बन्धमाः** गाउँसभाको हिउँदे (१७)औं अधिवेशन २०८२ चैत्र मसान्त भित्र गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ गाउँपालिका स्काउट परिषद गठन सम्बन्धमाः-** गाउँपालिका क्षेत्र भित्र Nepal Scout का विविध कार्यक्रम सञ्चालन गरि विद्यार्थी र समुदायमा अनुशासन कायम गर्नका लागि स्काउट सम्वन्धि कार्य गर्न गराउन नियमानुसार स्थानीय स्काउट परिषद गठन गर्ने निर्णय गरिएको छ। यसका लागि शिवपुरी गाउँपालिका स्काउट (गठन तथा सञ्चालन) आदेश २०८२ गठन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ क्षतिको राहत उपलब्ध गराउने सम्बन्धमाः-** मिति २०८२ साल कार्तिक ११ गते र त्यसपछिको अविरल वर्षाको कारणले गाउँपालिका क्षेत्रका कृषकको धान बालिमा भएको प्राप्त क्षतिको विवरण अनुसार तपसिल अनुसार क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरियो।

१. प्रति परिवार एकमुष्ठ रकम रू. ३,०००।–

२. प्रति रोपनी प्रति परिवार रू. २००।–

साथै उपरोक्तानुसारको खर्च व्यवस्थापन निम्नानुसार गर्ने निर्णय गरियो ।

<u>निम्न</u>

(क) प्रत्येक वडा कार्यालयका लागि विनियोजित शिर्षक संचालन खर्चबाट रू. ५०,०००।–

(ख) बाकी रकम गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्यहोर्ने

CamScanner

निर्णय नं. ९ विविध

(क) **बेरोजगारको सूची प्रकाशन सम्बन्धमाः-** राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षका लागि छनौट भएको बेरोजगार व्यक्तिहरूको प्राथमिकताक्रमको सूची प्रकाशन गर्ने निर्णय गरियो।

सो सूची अनुसूची - १ मा संलग्न गरिएको छ।

(ख) विभिन्न २ वटा विद्यालयलाई अक्षय कोष प्राप्त गर्न अनुमति दिने सम्बन्धमाः- गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका निम्न विद्यालयहरूका लागि प्रति विद्यालय रू.१,५१,००० (अक्षरेपी एक लाख एकाउन्न हजार) अक्षय कोष उपलब्ध गराउनका विभिन्न व्यक्तिहरू ईच्छुक हुनु भएकोले उक्त रकम प्राप्त गर्न अनुमति दिने निर्णय गरियो।

तपसिल

(अ) श्री भूमेदेवी माध्यमिक विद्यालय, शिवपुरी -१ तलाखु

(आ) श्री हिल्चे आधारभूत विद्यालय, शिवपुरी -१, तलाखु

(ग) **आर्थिक सहायता (औषधी उपचार) सम्बन्धमाः**

यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक अवस्था कमजोर रहेका तपसिलका व्यक्तिहरूलाई औषधी उपचार वापत खर्च भएको रकमको प्रति व्यक्ति अधिकतम रू ५०,००० का दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र. सं. | नाम थर | ठेगाना | लिङ्ग | उमेर | समस्या | उपचार |
|---|---|---|---|---|---|---|
| १ | सुजन तामाङ | शिवपुरी २ | पुरुष | २५ | चोटपटक | त्रि.वि. शिक्षण अस्पताल |
| २ | लाक्पा डोल्मा | शिवपुरी २ | महिला | ५७ | पेट सम्बन्धी | नेपाल मेडिकल कलेज काठमाण्डौ |